'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक
वर्ष १ | अंक : १०४ | मंगलवार २५ मंसिर, २०८१ | 10 (Tuesday) December 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

## सरकारको लक्ष्य दिगो शान्ति, सुशासन र आर्थिक समृद्धि हो : गृहमन्त्री लेखक

नमस्ते समचारदाता
सुर्खेत, मंसिर/२४



संघिय सरकारका गृहमन्त्री रमेश लेखकले वर्तमान सरकारको प्राथमिकता भनेको दिगो शान्ति, सुशासन कायम गर्नु र आर्थिक समृद्धि रहेको बताएका छन् । गृह मन्त्रालयद्वारा कर्णाली प्रदेशको राजधानी सुर्खेत, वीरेन्द्रनगरमा सोमबार आयोजित ''कर्णाली प्रदेशस्तरीय सुरक्षा गोष्ठी"लाई सम्बोधन गर्दै गृहमन्त्री लेखकले भ्रष्टाचार तथा अपराध नियन्त्रण र विधिको शासन कायम गर्न लाग्नुपर्ने र ती कुरामा कुनैपनि सम्झौता नहुने जिकिर गरे । मन्त्री लेखकले भने, 'लोकतन्त्रमा अनुशासन र वितरण महत्वपूर्ण हुन्छ । अवसर, सम्भावना र अर्थ वितरण गर्दा जनतालाई सेवा प्रवाहमा सहजता दिन सक्नुपर्दछ ।' औपचारिकता बढी भएर उपलब्धि कम भएको उल्लेख गर्दै गृहमन्त्री लेखकले हरेक गतिविधि छोटो तथा परिणाममुखी बनाउन जोड दिए । उनले थपे, 'शान्ति, सुरक्षा र अपराध नियन्त्रणको समीक्षा गर्न जरुरी छ । हामी समस्याको समाधान गरी निष्कर्ष निकाल्ने पक्षमा छौँ ।' सङ्घीय सरकारले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको सङ्घीय कानून बनाउन थालेको र त्यसपछि प्रहरी समायोजनको काम अगाडि बढ्ने गृहमन्त्री लेखकको भनाइ थियो । अहिले पनि कर्णाली प्रदेशका सुरक्षा निकायका संरचना प्रदेश बाहिर भएको उल्लेख गर्दै लेखकले स्थानीय तथा प्रदेश सरकारलाई जग्गाको व्यवस्था गर्न अनुरोध आग्रह गरे । मन्त्री लेखकले प्रष्ट पार्दै भने, 'कर्णाली सबैभन्दा ठुलो, सुन्दर, ज्यादा सम्भावना र अवसर बोकेको प्रदेश हो । कर्णाली प्रदेशको शान्ति सुरक्षालाई थप सुदृढ, सक्रिय, स्पष्ट र प्रभावकारी बनाउने कुरामा आवश्यक काम गर्छौं ।' दुई ठुला शक्ति एक ठाउँमा उभिनु मुलुकको आवश्यकता भएको जिकिर गर्दै गृहमन्त्रीले लेखकले संविधानको भावना अनुसार सङ्घीयता कार्यान्वयन गर्न आवश्यक भएको बताए । कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले संविधानको भावना अनुसार सहअस्तित्व, सहकार्य र समन्वय कम भएको र यसको कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । तीन तहको सरकारको यात्रा सामूहिक म्याराथन दौड भएको उल्लेख गर्दै मुख्यमन्त्री कंडेलले संविधानले व्यवस्था गरे बमोजिमका अधिकारलाई सुनिश्चित गर्न सकेमात्र मुलुकले अपेक्षित लक्ष्य पूरा गर्ने तर्क गरे । प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा गृह सचिव गोकर्णप्रसाद दुवाडी, कर्णाली प्रदेश सरकारका प्रमुख सचिव, सुरक्षा निकायका प्रमुख लगायतको सहभागिता रहेको छ ।

## किशोरीहरुले मुख्यमन्त्रीलाई सुनाए पुथाउत्तरगङ्गाको समस्या

नमस्ते समचारदाता
रुकुमपूर्व, मंसिर/२४



रुकुमपूर्वको पुथा उत्तरगङ्गा गाउँपालिकाका किशोरीहरुले लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यलाई भेट गर्दै समुदायका समस्या सुनाएका छन् । सोमवार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका देउखुरीमा भेट गर्दै किशोरीले गाउँ समाजमा आफूहरुले भोगिरहेका समस्या मुख्यमन्त्री आचार्यलाई सुनाएका हुन् । उनीहरुले उज्ज्वल भविष्य र बलियो अभियान सञ्चालनका लागि १७ बुँदे मागपत्र मुख्यमन्त्री आचार्यलाई पेश गरेका हुन् । मुख्यमन्त्री आचार्यले किशोरीहरुले राखेका समस्यालाई प्रदेश सरकारले सम्वोधन गर्ने प्रतिबद्धता जनाएका छन् । किशोरीहरुले थालेको अभियानमा प्रदेश सरकारले साथ दिने बताउँदै मुख्यमन्त्री आचार्यले किशोर किशोरीहरुको स्वास्थ्य, शिक्षालगायत मनोसामाजिक क्षेत्रमा सहयोग पुग्नेगरी कार्यक्रम बनाएको जानकारी गराए । समुदाय केन्द्रित जनजागरण अभियानलाई तीव्रता दिन, त्यस अभियानमा किशोर किशोरीको सहभागिता सुनिश्चित गरिने पनि आचार्यले बताए । मुख्यमन्त्री आचार्यले भने, 'तपाईंहरुले उठाएका मागहरु प्रदेश सरकारले सुन्छ । बालविवाह मुक्त प्रदेश बनाउने अभियानमा यहाँहरुको साथ सहयोग चाहिन्छ । बनेका नीति, नियम तथा कानुनहरुको कार्यान्वयन गर्न सरकार प्रतिबद्ध छ ।' बालविवाहको समस्या समाधान गर्न जनजागरणको अभियानलाई तीव्रतापूर्वक समाजमा फैलाउनु आवश्यक छ । नीगित रुपमा प्रदेश सरकारले सम्बोधन गरेको र छुटेका विषयलाई आगामी दिनमा सम्वोधन गरिने पनि बताए । पुथा उत्तरगङ्गामा विकास र समृद्धि कायम गर्न प्रदेश सरकारले प्राथमिकतामा राखेको बताए । आचार्यले भने, 'त्यस क्षेत्रको विकास नगरेसम्म समग्र लुम्बिनी प्रदेशको विकास हुन सक्दैन भन्ने कुरामा प्रदेश सरकार जानकार छ । पुथाउत्तरगङ्गादेखि मर्चवार सम्मलाई माथि उठाउन सक्यौं भने प्रदेशको समग्र विकास भएको मानिने छ । यस दिशामा सरकार अघि बढेको छ ।' भूगोलबाट पछाडि परेको तथा जनचेतनाको अभावले पनि पछाडि परेका क्षेत्रको पहिचान गरेर प्रदेश सरकारले काम गर्ने जानकारी दिए ।

बाँकी ३ पेजमा...

## दलित महिला वडा सदस्य अरु भन्दा अब्बल

नमस्ते समचारदाता
सुर्खेत, मंसिर/२४



वीरेन्द्रनगर नगरपालिका-८ की चन्द्रा नेपालीलाई घरमा गृहिणी र घरबाहिर जनप्रतिनिधिको भूमिकामा उभिनु पर्छ । घरव्यवहार उनको बाध्यता हो भने समाजसेवा रहर हो । उनले रहरले गर्ने काममा लगनशीलता देखाएर आफ्ना मतदातालाई खुसी राख्ने कोसिस मात्र गरेकी छैनन्, उनले आफूले गर्ने कामबाट आफूभन्दा बढी वडावासी सन्तुष्ट देखिएका छन् । चन्दा वडा सदस्यमा नयाँ अनुहार भने होइन । २०७४ सालमा पनि उनी सोही भूमिकामा थिइन् । जनताले उनको काम निकै रुचाएकै कारण पुनः दोस्रो पटक पनि निर्वाचित भइन् । २०७९ को स्थानीय तह निर्वाचनमा पनि दलित महिला वडा सदस्यमा निर्वाचित भइन् । महिलाका समस्यामा खुलेर बोल्ने उनी वडावासीको समस्या बुझ्न घर घरमा पुग्छिन् । उनको पहलमा गाउँघरमा स्वास्थ्य शिविर, पाठेघर खस्ने समस्याको पहिचान लगायतका काम भएका छन् । त्यति मात्र होइन बाटो, खानेपानी, विद्युत्, शिक्षा र स्वास्थ्यका सवालमा उनी सरोकारवाला पक्षहरुसँग निरन्तर पैरवी समेत गरिरहन्छिन् । यस्तै लक्ष्मीकुमारी चुनारा वीरेन्द्रनगर नगरपालिका-११ को निर्वाचित दलित महिला वडा सदस्य हुन । वडा सदस्यका रूपमा करिब साढे दुई वर्षको अनुभव सँगालिसकेकी उनी काममा निकै हौसिन्छिन । सामान्य लेखपढ मात्रै गर्न जानेकी चुनारा जनप्रतिनिधिको जिम्मेवारी समाल्नु अघि घरव्यवहारमै सीमित थिइन । अहिले उनमा घरव्यवहार र जनप्रतिनिधिको दोहोरो जिम्मेवारी छ । लक्ष्मी संविधान प्रदत्त समानुपातिक व्यवस्थालाई अवसरका रूपमा आफूले लिएको बताउँछिन् । तर त्यस अनुसार आफ्नो अवस्था र योग्यता नभएका कारण काममा केही चुनौती देखिएको उनको अनुभव छ । वीरेन्द्रनगर-९ की रत्ना नेपाली पनि चन्द्रा र लक्ष्मी जस्तै दलित महिला वडा सदस्य हुन । सामान्य लेखपढ गर्न जानेकी उनी पहिलो पटक जनप्रतिनिधि बनेकी हुन । उनी आफ्नो जिम्मेवारीलाई अवसरका रूपमा लिन्छिन र गाउँबस्ती स्तरका योजना छनोट देखि महत्वपूर्ण कार्यक्रममा आफ्नो अर्थपूर्ण सहभागिता भएपछि उनी निकै हर्षित छिन् । अर्की मीना थापा विक युवा दलित महिला वडा सदस्य हुन । वीरेन्द्रनगर-१५ की २६ वर्षीय वडा सदस्य मीना वडावासीको सेवा गर्न पाउँदा निकै उत्साही भएको बताउँछिन् । उनको पहलमा टोल टोलमा नयाँ बाटो निर्माण, सरसफाइ अभियान, एकल महिला, दलित महिला, सिपमूलक तालिम भएका छन् । टोल विकास समितिलाई सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रम गर्ने गरिएको उनले बताइन । दलित समुदायको आर्थिक, सामाजिक र राजनीतिक पहुँच र अधिकार का लागि राज्यले अनिवार्य समानुपातिक समावेशिताको अधिकार सुनिश्चित गरेको छ । जसले चन्द्रा, लक्ष्मी, रत्ना, मीना जस्ता हजारौं दलित समुदायका महिलाले स्थानीय सरकारमा प्रतिनिधित्व गर्न पाउँदा उनीहरूको व्यक्तित्व विकासका साथ साथै समुदायको उत्थानमा समेत सहयोग पुगेको वडावासीको भनाइ छरु।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## रविको अनुसन्धान बारे प्रश्नै प्रश्न

सहकारीको रकम हिनामिना गरेको आरोपमा पूर्वगृहमन्त्री एवं रास्वपाका सभापति रवि लामिछाने करिब दुई महिना देखि कास्की प्रहरीको हिरासतमा छन् । विभिन्न सहकारीहरुबाट रकम जिबीराईले गोरखा मिडिया नेटवर्कमा ल्याएको र सो मिडिया नेटवर्कमा रवि लामिछाने प्रबन्धनिर्देशक रहेको उनी द्धारा नै सो रकम खर्च भएको विषयलाई छानबिन गर्ने बहानामा लामिछानेलाई पक्राउ गरी बयान लिने काम भैरहेको छ । तर बयान लिन विभिन्न जिल्लामा लैजाने क्रममा जहाँ जहाँ रवि लामिछानेलाई लिइयो त्यहाँ त्यहाँ एकातिर रविका समर्थनहरुले नारा जुलुस गर्ने गरिरहेका छन् भने अर्कोतिर रवि लामिछानेलाई जिल्ला जिल्लामा लिने क्रममा प्रहरी प्रशासनले रवि लामिछानेलाई अभद्र व्यवहार गरेको मात्र नभई रवि माथि मानव अधिकारका सामान्य नियमहरुलाई समेत पालन नगरेको भनेर सम्बन्धित सरोकार पक्षहरुबाट पनि प्रश्न उठाइएका छन् । लामिछानेलाई सरकारले प्रतिशोधपूर्ण व्यवहार गर्नुका साथै उनको व्यक्तिगत मानवअधिकार हनन् गरेको भन्दै आइतबार मानव अधिकार आयोगमा लामिछानेकी श्रीमती नीकिता पौडेल लामिछाने, रास्वपाका कार्यवाहक महामन्त्री कवीन्द्र बुर्लाकोटीसहितले निवेदन समेत दिएका हुन् । निवेदनमा लामिछानेको जीउ ज्यानको सुरक्षा तथा मानव अधिकारको रक्षा गरी न्याय प्रदान गर्न पहल गरिदिन आग्रह गरिएको छ । मङ्सिर २० गते चितवनमा बयान सकेर मध्यरातमा लामिछानेलाई कास्की लगिएको थियो । राति नौ बजेसम्म बयान लिइरहेको अवस्थामा मध्यरातमा लामिछानेलाई कास्की लगिएपछि लामिछानेको परिवार र पार्टीका तर्फबाट मानव अधिकार र सम्मानपूर्वक बाँच्न पाउने अधिकार हनन् भएको दाबीसहित मानव अधिकार आयोगमा उजुरी परेको हो । दिनभरि बयान दिएर थकित भएका लामिछानेलाई आरामको मौका पनि नदिइ पोखरा पठाउँदा थुनुवाको मानव अधिकारको हक हनन् हुने सामान्य कुरालाई समेत प्रहरीले बेवास्ता गरेको छ । अरू विकल्प हुँदाहुँदै रातारात थुनुवालाई एक ठाउँबाट अर्को ठाउँमा सार्ने कुरा मानव अधिकारका दृष्टिले गलत हो । राज्यले अनुसन्धान गर्न पाउने तर अनुसन्धानकै नाममा दबाब बढाउने क्रियाकलाप भने सकैले पनि गर्न पाउँदैन । सबै व्यक्तिको मानव अधिकार हुन्छ । कैदी बन्दीको पनि मानव अधिकार हुन्छ । लामिछाने आरोपितमात्र हुन् । उनको मानव अधिकारको सम्मान गरेर मात्र अनुसन्धान गर्नुपर्छ ।

# शैक्षिक प्रणालीमा सुधारको खाँचो

**बालकुमारी कार्की**



बालकुमारी कार्की

> ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको पहुँच र गुणस्तर अभिवृद्धि गरी विभिन्न क्षेत्रमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य, दक्ष, वैज्ञानिक नप्रवर्तनात्मक अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी र अनुशासनमुखी मानव संसाधन विकास गर्नु पर्छ । सङ्घीय ढाँचा अनुरूप सरकारका तीन वटै तहमा शिक्षा प्रशासन प्रभावकारी एवं नतिजामूलक ढङ्गले सञ्चालन गरी शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि समयानुकूल शिक्षा नीतिको आवश्यकता छ ।

आजको एक्काइसौँ शताब्दीमा राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक विकासको लागि मानव साधन एउटा ज्यादै महत्वपूर्ण साधन हो । मानव विकासले नागरिकमा अन्तर्निहित ज्ञान सिप, दक्षता र काम गर्न सक्ने भौतिक एवं मानसिक क्षमताको वृद्धि गर्छ । जनताको आय अभिवृद्धि गर्नुको अतिरिक्त शिक्षा स्वास्थ्य धार्मिक सांस्कृतिक पहिचान राजनीतिक स्वतन्त्रता र सहभागिता सार्वजनिक सेवा माथि नागरिकको पहुँच तथा मानव कल्याण जस्ता मानव विकासका पक्षहरूमा शिक्षा नीतिले विशेष जोड दिएको हुनु पर्छ । मानव क्षमताको निर्माण गर्न स्वास्थ्यमा सुधार तथा ज्ञान र सिपमा अभिवृद्धि गरेर अन्तरनिहित क्षमताको प्रयोग गर्ने वातावरणको सिर्जना गर्नु पर्छ । मनोरञ्जनमा समय दिएर उत्पादनशील कार्यमा समय खर्चेर सामाजिक, राजनीतिक, शैक्षिक, आर्थिक र स्वास्थ्य क्षेत्रमा सक्रियता बढाएर आर्थिक वृद्धिसहितको मानव विकास गर्न सकिन्छ । गरिबी निवारण, आधारभूत आवश्यकता पूर्ति, दिगो विकास हासिल र सामाजिक एवं सांस्कृतिक परिवर्तन गर्ने जस्ता कार्यहरू गर्न सकिन्छ । नेपालको शिक्षा क्षेत्रमा भएको लगानी र शैक्षिक पूर्वाधारको विकासबाट उल्लेखनीय उपलाब्धि प्राप्त हुन थालेका छन् । शिक्षित सभ्य, स्वास्थ्य, सक्षम जनशक्ति, सामाजिक न्याय, रूपान्तरण र समृद्धितर्फ सरकारका लक्ष्य केन्द्रित रहेका छन् । शिक्षालाई प्रतिस्पर्धी प्रविधिमैत्री रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरूपको मानव संशोधनको विकास गर्ने सरकारको प्रमुख उद्देश्य रहेको छ । सरकारले शिक्षालाई राष्ट्रिय विकासको आधारको रूपमा लिँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतासहित विभिन्न नीतिगत संरचनागत, संस्थागत र व्यावहारिक प्रयास अघि बढाएको छ । विगतमा कार्यान्वयन भएका सबैका लागि शिक्षा, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, सहस्राब्दी, विकास लक्ष्य, विद्यालय क्षेत्र सुधार योजना, विद्यालय क्षेत्र विकास योजना, दिगो विकास लक्ष्यलगायततर्फ विभिन्न योजना तथा कार्यक्रमले नेपालको शिक्षा प्रणालीको खाँका कोरेका छन् । शिक्षा प्रणालीले हासिल गरेका यी उपलब्धिको बाबजुद चुनौती र समस्या हाम्रासामु विद्यमान छन् । शिक्षामा मूलत ः प्रारम्भिक बालविकास प्रभावकारिता कम हुनु, बालविकासका शिक्षकहरूको क्षमता र सुविधा न्युन हुनु, आधारभूत विद्यालय उमेर समूहका बालबालिका अझै विद्यालय भर्ना नहुनु, भर्ना भए पनि अध्ययनमा निरन्तरता नहुनु, माध्यमिक शिक्षा पूर्ण रूपमा निःशुल्क हुन नसक्नु, शिक्षित बेरोजगारको संख्या बढ्दै जानु, उच्च शिक्षा प्रतिस्पर्धी, उत्पादनमुखी र अनुसन्धानमूलक हुन नसक्नु, शिक्षाको गुणस्तर अपेक्षित रूपमा न्यून हुनु, विज्ञान तथा प्रविधिमा आधारित शिक्षाको पहुँच विस्तार पर्याप्त मात्रामा हुन नसक्नु, सेवा प्रवाह प्रणाली जनमैत्री नहुनु, शिक्षण प्रक्रिया अधिक परीक्षामुखी हुनु, निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरू सेवाभन्दा नाफामुखी हुनु जस्ता समस्या भोगिरहेको हाम्रो देशको शिक्षा प्रणालीले गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधिमैत्री रोजगारमूलक र उत्पादनमुखी जनशक्ति उत्पादन गर्न सकिरहेको छैन । सार्वजनिक शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु शैक्षिक सुधारका लागि सरोकारवालाबिच अपनत्व सिर्जना, सबै तहको शिक्षाको गुणस्तर अभिवृद्धि, शिक्षक तथा शिक्षा क्षेत्रको जनशक्तिमा पेसागत जवाफदेहिता सुनिश्चित, शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम, शिक्षा र रोजगारीबिच तालमेल, प्रतिभा पलायन रोक्न, सार्वजनिक शिक्षामा सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु र संविधान प्रदत्त मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्नु जस्ता कार्यले हाम्रो देशको शिक्षा प्रणालीलाई चुस्त, नतिजामुखी, उत्पादनमुखी र रोजगारमूलक बनाउन सकिन्छ । शिक्षा प्रणालीका विभिन्न अवयवमा रहेर सेवाप्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतिजा प्रदर्शन गर्न उनीहरूको पेसागत योग्यता, सक्षमता, इमानदारिता, प्रतिबद्धता र जवाफदेहिता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्न सक्नु पर्छ । ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको पहुँच र गुणस्तर अभिवृद्धि गरी विभिन्न क्षेत्रमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य, दक्ष, वैज्ञानिक नप्रवर्तनात्मक अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी र अनुशासनमुखी मानव संसाधन विकास गर्नु पर्छ । सङ्घीय ढाँचा अनुरूप सरकारका तीन वटै तहमा शिक्षा प्रशासन प्रभावकारी एवं नतिजामूलक ढङ्गले सञ्चालन गरी शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि समयानुकूल शिक्षा नीतिको आवश्यकता छ । गुणस्तरीय माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सृजनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिस्पर्धी सिपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्नुपर्ने हुन्छ । गुणस्तर सुनिश्चितताका लागि एक राष्ट्रिय गुणस्तर प्रारूप तयार गरी सोको आधारमा स्वतन्त्र, गुणस्तर निर्धारण संस्थाबाट गुणस्तर मापनको व्यवस्था गर्ने र गुणस्तर नपुगेका उच्च शिक्षाका शैक्षिक संस्थालाई निश्चित अवधिभित्र गुणस्तर पुऱ्याउने अवसर दिने अन्यथा सञ्चालनमा रोक लगाउने व्यवस्था हुनु पर्छ । कलेजहरू निर्धारित मापदण्ड पूरा गरेकालाई मान्यता दिने र राष्ट्रको उत्पादकत्व वृद्धिका लागि आवश्यक पर्ने उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न विज्ञान तथा प्राविधिक विषय धारको उच्च शिक्षालाई प्राथमिकता दिने हुनु पर्छ । योग्यता, दक्षता र अनुभवमा आधारित खुला प्रतिस्पर्धाबाट प्राध्यापकको नियुक्ति र वृत्तिविकास हुने व्यवस्था गर्न जरुरी छ ।

*-गोरखापत्र*

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५0% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरु / सिट

बेसिक कम्प्यूटर (Basic Computer) ७0 सिट
अंग्रेजी भाषा (English Language) ५0 सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५0 सिट
Online Package (Email/internet) ३0 सिट



तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

# चिसो बढेपछि आगो बालेर पठनपाठन

नमस्ते समचारदाता
बाजुरा, मंसिर/२४



बाजुरा जिल्लाको बुढीनन्दा नगरपालिका-९ मा रहेको सिद्धेश्वरी अनाथ विपन्न तथा जनजातीय आवासीय विद्यालयले आगो बालेर पठनपाठन गर्दै आएको छ । गत आइतबार रातीदेखि यहाँ बाक्लो हिमपात सुरु भएपछि बालबालिकाहरुको पढाइमा असर नपर्ने गरी विद्यालयले बाहिर आगो बालेर बालबालिकाहरुलाई पठनपाठन गर्न थालेको छ । हिमपातका कारण बालबालिकाहरुको पढाइ प्रभावित हुने भएपछि अहिले आगो बालेर पढाउने गरेको विद्यालयले जनाएको छ। बाहिर बाक्लो हिमपात परिरहेको छ। तर यहाँका बालबालिकाहरु भने हातहातमा किताव समातेर राम्रोसँग पढिरहेका छन् । हिमपातका कारण चिसो भएपछि आगो बालेर किताब पढ्ने गरेको सिद्धेश्वरी अनाथ विपन्न तथा जनजातीय आवासीय विद्यालयमा कक्षा ५ मा अध्ययनरत छात्र उमेश रावतले बताउँछन् । उनले भने, 'यहाँ उसै त हिउँदको महिना धेरै सिचो हुन्छ । त्यसमा पनि हिजो राति बाक्लो हिमपात परेको छ । अहिले पनि निरन्तर हिउँ परिरहेको छ । हामी सधै यसै विद्यालयमा बस्ने र खाने गर्छौं ।' हिउँ परेको बेला चिसोले पढाइमा असर पर्ने भएकोले अहिले आगो बालेर पढ्ने गरेको रावतको भनाइ छ । यता सधै यसरी नै चिसो हुन्छ । हिउँ परेपनि नपरे पनि यहाँ सधै चिसो हुने ठाउँ हो । तर अघिपछि भन्दा पनि हिउँ परेको बेला त झनै चिसो हुन्छ । यो लामो समय सम्म रहे भने यहाँका बालबालिकाहरुको पढाइ छुट्ने हुन्छ । उनीहरुको पढाइमा नछुट्ने गरी यती बेला हामीले आगो बालेर पढाउँने गरेको सिद्धेश्वरी अनाथ विपन्न तथा विद्यालयका प्रधानाध्यापक तुलाबहादुर रावतले बताए । उनले भने, 'यहाँ प्रायः सबै भोटे जनजातीका बालबालिकाहरु पढ्ने गर्दछन् । भोटे समुदायको पेशा प्रायः भेडापालन भएकोले उनीहरु कहिले औल कहिले लेकमाआउने जाने गर्दछन् । जसका कारण उनीहरुका बालबालिकाहरुको पनि पढाइ छुट्ने गर्दछ । बालबालिकाहरुको पढाइमा असर नपर्ने गरी केही वर्ष देखि हामीले उनीहरुलाई यतै विद्यालयमै राखेर पढाउने गरेको छौं ।' यो ठाउँ भनेको उच्च हिमाली भेगमा पर्ने गर्दछ । विगतका केही वर्ष पहिला पनि यहाँ धेरै हिउँ परेको थियो । त्यो हिउँ झण्डै एक हप्तासम्म पनि बिलाएको थिएन । त्यति बेलामा पनि हामीले यसरी नै विद्यालयमा आगो बालेर बालबालिकाहरुलाई पढाउने काम गरेको रावतले बताए ।

# नगर प्रमुख हमालको स्वास्थ्य अवस्थामा सुधार

नमस्ते समचारदाता
धनगढी, मंसिर/२४



धनगढी उपमहानगरपालिका प्रमुख गोपाल हमालको स्वास्थ्य अवस्थामा सुधार आएको छ । चिकित्सकले विभिन्न परीक्षण र निगरानीको आधारमा उनको स्वास्थ्य अवस्था सुधार भइरहेको बताएको हमालका भाइ श्याम हमालले जानकारी दिएका छन् । उनको अनुसार नगर प्रमुख हमालको अब अपरेसन गर्नु पर्दैन । तर, उहाँलाई अझ केही समय निगरानीमा राखेर थप उपचार प्रक्रिया अगाडि बढाइनु पर्ने आवश्यकता रहेको हमालको उपचारमा संलग्न चिकित्सकहरुको भनाई उधृत गर्दै नगर प्रमुखका भाइले जानकारी गराएका छन् । शुक्रबारदेखि स्वास्थ्य समस्या भएका नगर प्रमुख हमालको भारतको नयाँ दिल्ली स्थित म्याक्स सुपरस्पेसियालिटी हस्पिटलमा उपचार भइरहेको छ । उनलाई न्युरो इन्टेन्सिभ केयर आइसियु र स्ट्रोक युनिटमा राखिएको छ । हमाललाई मस्तिष्क घात भएको धनगढीमा चिकित्सकले बताएपछि उनलाई थप उपचारका लागि दिल्ली लगिएको थियो । नगर प्रमुख हमाल २०७९ सालको स्थानीय तहको निर्वाचनमा स्वतन्त्रबाट अत्यधिक मतका साथ धनगढी उपमहानगर पालिकाका प्रमुखमा निर्वाचित भएका थिए ।

# चिसोबाट बच्न र खाना पकाउन गुइँठा र दाउराको प्रयोग

नमस्ते समचारदाता
बाँके, मंसिर/२४

बाँकेमा चिसो छल्नका लागि गोबरगुइँठाको प्रयोग बढ्दै गएको छ । दिनानुदिन बढ्दै गएको चिसोबाट बच्न तथा आगो ताप्न पुनः दाउरा तथा गोबरगुइँठाको प्रयोग बढ्दै गएको हो । ग्रामीण भेगका गरिब वर्गका समुदायहरुले खाना पकाउनका लागि चुलो बाल्न वैकल्पिक ऊर्जाका रूपमा गोबरगुइँठाको प्रयोग गर्दै आइरहेकोमा अहिले आगो ताप्न माग बढ्दै गएको बाँकेको डुडुवा १ का राम अहिरले बताए । ग्यासमा खाना पकाउँदै आइरहेका कतिपय महिलाले पनि अहिले दाउरा तथा गोबरगुइँठाको प्रयोग गर्नु परेको डुडुवा ६ की लक्ष्मी कुर्मीले बताइन् । उनले सहज रूपले दाउरा पनि नपाउने गरेको तथा दाउरा पाए पनि चर्को मूल्य तिरेर खरिद गर्न समस्या हुने गरेकाले गुइँठाप्रति आकर्षण बढेको बताइन् । गोबरगुइँठाले खाना पकाउने तथा आगो पनि ताप्ने उद्देश्यले गाउँघरका महिला गुइँठा बनाउनमा व्यस्त रहने गरेका छन् । ग्यासमा खाना पकाउँदै आएका महिला अहिले जाडो छल्न गुइँठाले चुलो बाल्न बाध्य भएको स्थानीय सावित्री वर्माले बताइन् ।

# वन्यजन्तु प्रभावित क्षेत्रका बालबालिकालाई विद्यालय जान समेत डराउँछन्

नमस्ते समचारदाता
बाँके, मंसिर/२४



समुदायमा वन्यजन्तुको ओहोर-दोहोरले वर्दियाको मधुवन नगरपालिका-२ क्षेत्रमा बालबालिकाहरुलाई सुरक्षित हिडडुलमा गर्न समेत प्रभाव परेको पाइएको छ । विद्यालय जाँदा वा फर्किंदा विद्यार्थीहरु वन्यजन्तुको आक्रमणमा पर्ने गरेका छन् । जसका कारण अध्ययनमा असर परेको मन्जुश्री शिशु बाटिका माध्यामिक विद्यालयका प्रधानाध्यापक विमल ज्ञवालीले बताउछन् । वन्यजन्तुबाट आक्रमणबाट जोगिन समुदाय तहमै बालबालिकालाई बातावरणीय शिक्षाको आवश्यकता रहेको उनले औल्याए । समुदायका लागि सञ्चार अभियान नेपाल (सीसीएन)ले सोमबार मन्जुश्री बाटिका माध्यामिक विद्यालयमा आयोजना गरेको 'वातावरणीय न्याय र जवाफदेहिताका लागि विद्यालय सम्वाद' कार्यक्रममा ज्ञवाली मात्र नभई अन्य सहभागीले समेत मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा सम्बद्ध निकायले चासोका साथ काम गर्नुपर्ने बताए । कार्यक्रममा स्थानीय बासिन्दा, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, विद्यालयका शिक्षक शिक्षिका र अभिभावकहरुले विद्यालयभित्र र बाहिर सचेतनामुलक कार्यक्रमहरु गर्न सुझाव दिएका हुन । युएसएड नेपालको आर्थिक सहयोगमा द एसिया फाउण्डेशनले नेपालमा कार्यान्वयन गरेको युएसएड नागरिक समाज र सञ्चार कार्यक्रमको साझेदारीमा संचालित 'वातावरणीय न्याय र जवाफदेहिताका लागि सिमान्तकृत समुदायको सबलीकरण अभियान' अन्तर्गत विद्यालय सम्वाद गरिएको सीसीएनले जनाएको छ । विद्यालयस्थित वंगालीपुर क्षेत्रमा हात्ती, बाघ र बाँदर लगायतका वन्यजन्तुले निरन्तर क्षती गर्दै आएको स्थानीय सुन्दरी थारुले बताए । 'वन्यजन्तुको डरले वालबालिकाहरु विद्यालय जानसमेत नमान्ने स्थिति छ ।' उनले भने । वन्यजन्तुबाट मानविय, खेतीबाली र पशुधनमा क्षति भए राहत वा क्षतिपुर्ति के पाइन्छ र कसरी पाउने नीतिगत व्यवस्था छ भन्नेबारे थाहा नपाउदा पनि लामो समयसम्म भौतारिनु परेको स्थानीय अगुवा कृष्ण परियारले बताए । कार्यक्रममा विद्यालयका शिक्षिका पवित्रा सिजालीले चितुवाले विद्यार्थीलाई आक्रमण गरेको घटना सम्झिदै विहान वेलुका ट्यूशन पढ्न जाने विद्यार्थीहरु समस्यामा पर्ने गरेको दुःखेसो पोखिन । विद्यालय संवादको सहजीकरण गर्दै बरिष्ठ पत्रकार जनक नेपालले वातावरणीय न्याय, निकुन्ज प्रभावित क्षेत्रका बासिन्दाका मुद्दा र मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका उपायबारे प्रस्तुती राखेका थिए । नेपालले वन्यजन्तु प्रभावितहरुको राहत तथा क्षतिपूर्तिका लागि बनेको निर्देशिकाको व्यवस्था, प्रकृया र सुविधा लगायतका बारेमा पनि सहभागिसँग छलफल गरेका थिए । प्रभावित क्षेत्रका बासिन्दाहरुले वन्यजन्तुबाट हुने क्षतिको राहत वितरण निर्देशिकाबारे अनविज्ञता जनाउँदै सचेतना अभियान चलाउनुपर्ने आवश्यकता औल्याएका थिए । सीसीएनका कार्यकारी निर्देशक तुला अधिकारीले विद्यालय संवादले बालबालिकाहरुको जीवनशैली बातावरणमैत्री वन्दै जाने विश्वास ब्यक्त गरे । उनले वालवालिकाहरुले घरमा पुगेर अभिभावकलाई समेत सजिलै कुरा बुझाउन सक्ने भएकाले पनि यो कार्यक्रमले सहयोग पुग्ने आशा राखेको बताए । विद्यालय संवाद कार्यक्रममा प्रभावित क्षेत्रका स्थानीय बासिन्दा, शिक्षक र विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि गरी ३४ जनाको सहभागिता रहेको थियो ।

## किशोरीहरुले...

समुदायमा अझैं पनि जातीय छुवाछूत, दाइजो प्रथा, बोक्सीको आरोप लगाउने, छोट्टी बस्ने, बहुविवाह गर्नेजस्ता समाजिक र सांस्कृतिक परम्पराको नाममा हुने हिंसा अन्त्यका लागि प्रदेश सरकारले भूमिका बढाउनुपर्ने किशोरीहरुले माग राखेका छन् । पुथा उत्तरगङ्गाका बालबालिका र विशेषगरी युवाहरुमा लागू औषधको प्रयोग र मदिरा सेवन बढिरहेको भन्दै यसले घरेलु हिंसा, यौन दुर्व्यवहार र छोट्टी बस्नेजस्ता सामाजिक अपराधहरु पनि बढाउने भएकाले समस्या समाधानका लागि बृहत जनचेतनामूलक अभियान चलाउन माग राखिएको छ । स्वास्थ्य चौकीको स्थापना र सहज उपचारसेवादेखि खेलक्षेत्रको विकासका लागि खेलकुद मैदान, खेल सामग्रीको व्यवस्था गर्न माग राखेका छन् । घर र विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था गर्नुपर्ने, बालबालिका र ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ताको व्यवस्था भए पनि त्यो भत्ता समयमा आइनपुग्ने, महिला, बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक र अति विपन्नलाई सहज तरिकाले मासिक भत्ता लिने व्यवस्था मिलाउनुपर्ने माग राखिएको छ ।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
नाम्खा गाउँपालिका
हुम्ला



# स्तनपान कक्ष कतै संरचनाविहीन कतै प्रयोगविहीन

नमस्ते समचारदाता

सल्यान, मंसिर/२४

जिल्ला हुलाक कार्यालय सल्यानमा स्तनपान तथा शिशु स्याहार कक्ष २०७५ सालमै स्थापना भएको थियो । जिल्लामै पहिलोपटक सरकारी कार्यालयमा सेवा लिन आउने सेवाग्राही तथा कर्मचारीको सुविधाका लागि स्तनपान तथा शिशु स्याहार कक्ष स्थापना गरिएको हो । कार्यालयको छेउमा चिटिक्क परेको एउटा कोठा बनाएर आमाले आफ्नो शिशुलाई स्तनपान गराउने व्यवस्था मिलाइएको थियो । स्तनपान कक्ष स्थापना भएको करिब छ वर्ष भयो । तर अहिले प्रयोगविहीन जस्तै छ। स्तनपान कक्षको ढोकामा ताल्चा लगाइएको छ। ताल्चामा खिया लागेको छ। न स्तनपान कक्षको ढोका खोलिन्छ, न त कोही स्तनपान गराउन नै आउँछन् । जिल्ला हुलाक अधिकृत चिन्तामणि रेग्मी स्तनपान कक्ष प्रयोगविहीन भन्दा पनि स्तनपान गराउने सेवाग्राही र कर्मचारी नहुँदा प्रयोगविहीन जस्तै देखिएको बताउछन्। ०७६ साल माघमा शारदा नगरपालिकाले आफ्नो कार्यालयमा स्तपान कक्ष स्थापना गऱ्यो । कार्यालयमा काम गर्ने सुत्केरी कर्मचारी तथा कामको सिलसिलामा नगरपालिकासम्म पुग्ने आमाले आफ्नो शिशुलाई सहज रूपमा स्तनपान गराउन सकून् भन्ने उद्देश्यले नगरपालिकाको परिसरमै स्तनपान कक्ष स्थापना गरियो। आमाहरूले सार्वजनिक ठाउँमा लजाएर बच्चालाई स्तनपान नगराउँदा कुपोषणको शिकार हुने भएकाले समयमै




स्तनपान गराउन् भन्ने नगरपालिकाको उद्देश्य थियो । नगरपालिकामा स्थापना गरिएको स्तनपान कक्ष अहिले नाममा मात्रै सीमित छ। न त्यसमा बस्ने ठाउँ छ, न त ढोका नै छ, न त सफा नै । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओमप्रकाश देवकोटा नगरको भवन निर्माणकै क्रममा रहेकाले अबको दुई महिनामै व्यवस्थित स्तनपान कक्ष बनाउने बताउँछन् । देवकोटा भन्छन्, 'सरकारी कार्यालयमा स्तनपान कक्ष अनिवार्य नै हो । अहिले नगरपालिकामै पनि स्तनपान गराउने कर्मचारीहरु हुनुहुन्छ । सेवाग्राही पनि आउनुहुन्छ। पहिलेको स्तनपान कक्ष व्यवस्थित हुन सकेन्। अब नयाँढंगले बनाउँछौं। यो अनिवार्य हो ।' हुलाक र नगरपालिकामा जस्तै ०७७ साल पुसमा जिल्ला प्रशासन कार्यालय परिसरमा शिशु स्याहार तथा स्तनपान कक्ष स्थापना गरियो। सेवाग्राहीको चाप धेरै हुने भएकाले कार्यालयमा सेवा लिन आउने महिला सेवाग्राहीको सुविधाका लागि शिशु स्याहार तथा स्तनपान कक्ष स्थापना गरिएको प्रशासनले जानकारी गराए । सार्वजनिक ठाउँमा महिलाले बच्चालाई स्तनपान गराउन नसक्ने तथा बच्चा आमाको दूध खानबाट बञ्चित हुने अवस्थाको अन्त्यका लागि स्तनपान तथा शिशु स्याहार कक्ष स्थापना गरिएको प्रशासन बताउँछ । तर प्रशासन कार्यालयमा रहेको स्तनपान कक्ष पनि प्रयोगविहीन जस्तै छ । दिनभरजसो स्तनपान कक्षको ढोका लगाएको हुन्छ। भित्र बस्ने एउटा कुर्सी छ तर व्यवस्थित छैन। कोठाभरि नै सामान यत्रतत्र छन् । प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मी स्तनपान कक्ष सञ्चालनमा रहेको भए पनि प्रायः आमाहरु बच्चालाई स्तनपान गराउन स्तनपान कक्षमा नजाने गरेको बताउछन् । उनको भनाइ छ, 'अहिले पनि प्रयोगमै छ । व्यवस्थित गर्न निर्देशन पनि दिएको छु । हिउँद भएकाले सेवाग्राही पर्खालमा बसेर वा चौरमा बसेर घाम ताप्दै स्तनपान गराएको पाइन्छ।' सरकारी, गैरसरकारी वा निजी संघसंस्थाले कार्यालयमा कार्यरत महिलालाई शिशु जन्मेको दुई वर्षसम्म कार्यालय समयमा आमाको दूध खुवाउनका लागि आवश्यक व्यवस्था मिलाउनुपर्ने कुरा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ मा उल्लेख छ । सल्यानका प्रायः सरकारी कार्यालयमा न स्तनपान कक्ष छ, न त संरचना नै । केही कार्यालयमा स्तनपान कक्ष भए पनि प्रयोगविहीन जस्तै छन् । विश्व स्वास्थ्य संगठनका अनुसार बच्चाको स्वास्थ्य र जीवनरक्षाका लागि सबैभन्दा प्रभावकारी तरिकामध्ये एक स्तनपान हो । नवजात शिशुलाई ६ महिनासम्म अन्य खानेकुरा नभई अनिवार्य स्तनपान गराउन सिफारिस गरिएको छ । तर जिल्लाका सार्वजनिक संस्था तथा कार्यालय पुरानै शैलीमा चलिआएका छन् । जसका कारण स्तनपान कक्षको महत्व अझै धेरैले बुझ्न सकेका छैनन् । महिला अधिकारकर्मी मीना बुढाथोकी कार्यालय वा अन्य स्थानमा छुट्टै स्तनपान कक्षको अभाव वा महिला कर्मचारीलाई स्तनपान गराउने समयको व्यवस्था नगरिनु, परम्परागत धारणा समाजमा रहिरहनुले अहिले पनि नवजात शिशुको नैसर्गिक अधिकार स्तनपानको अधिकारलाई कुण्ठित पारिएको बताउछीन । नवजात शिशुको लागि स्तनपान अनिवार्य भएपनि सार्वजनिक निकायमा स्तनपान कक्ष नहुँदा भोकाएको समयमा बच्चाले आमाको दूध खान नपाउने गरेको उनको भनाइ छ। 'सेवा दिने र सेवा लिने महिलाकै लागि स्तनपान कक्ष बनाइएको हो । त्यो सबै निकायले बनाउनुपर्छ । सार्वजनिक स्थलमै स्तनपान गराउँदा लजाउने समस्या हुन्छ । जसले गर्दा बच्चाले पेटभरि आमाको दूध खान पाउँदैन । भीडभाड भएको ठाउँमा बच्चा रोइरहेको हुन्छ । तर स्तनपान कक्ष नहुँदा आमालाई तनाव सिर्जना हुन्छ।' 'त्यो बेला महिलाले लैंगिक समानताको अभाव भएको महसुस गर्छन् । महिलामैत्री नभएको ठान्छन् । त्यसैले स्तनपान कक्ष अनिवार्य छ।'

# वनमै थन्कियो एक लाख क्युफिट काठ



नमस्ते समचारदाता

दाङ, मंसिर/२४

दाङमा एक लाख क्युफिट काठ वनमै थन्किएको छ। सामुदायिक वन तथा राष्ट्रिय वनका काठ विविध कारणले ननिकालिदा कतिपय सड्न थालेका छन भने केही त वनमै सडेर कामै नलाग्ने समेत भइसकेका छन् । समयमै ननिकालिदा वनमा रहेको मूल्यवान् काठ माटोमा विलय हुने गरेको देखिएको छ । जिल्लामा सामुदायिक वन उपभोक्ता समूहले कार्ययोजना नवीकरण गर्न नसक्दा काठ निकाल्न पाएका छैनन् भने राष्ट्रिय वनमा विभिन्न कारण देखाउँदै निकालिएको छैन। वनको कार्ययोजना नवीकरण नहुँदासम्म वनबाट काठ निकाल्न नपाउने भएपछि सामुदायिक वनमा रहेका काठ खेर जान लागेको सामुदायिक वन उपभोक्ता महासंघ बताउँछ । सामुदायिक वन महासंघ दाङका अध्यक्ष हरि भुसालले नवीकरण नभएका प्राकृतिक र बृक्षारोपण गरेका सामुदायिक वन उपभोक्ता समिति नै दुई अढाई सय रहेको जानकारी दिए। उनले जिल्लामा करिब एक लाख क्युफिट काठ वनमै सड्ने अवस्थामा रहेको जानकारी बताए। भुषाल भन्छन्, 'यस वर्ष देउखुरीमा एक लाख ५० हजार क्युफिट कटान भएको छ भने दाङमा करिब एक लाख २५ हजार क्युफिट कटान भएको हो। जम्मा दुई लाख ७५ हजार क्युफिट काठ यस वर्ष दाङमा कटान भएको छ। जसमा देउखुरीमा ५० हजार र दाङमा ५० हजार गरी करिब एक लाख क्युफिट काठ जिल्लाको सामुदायिक वनमै छ । बाँकी उपभोक्ताबाट खपत भएको अवस्था हो ।' जिल्लामा रहेका डिभिजन वन कार्यालयहरुको रेकर्ड हेर्दा पनि जिल्लामा सामुदायिक वनमा ७९ हजार २८ दशमलव दुई क्युफिट काठ, डिभिजन वन कार्यालय घोराही अन्तर्गतको सरकारद्वारा संरक्षित राष्ट्रिय वनमा ८ हजार ५ सय ७६ दशमलव २१ क्युफिट काठ र डिभिजन कार्यालय लमही अन्तर्गत मुद्दा सम्बन्धी १ हजार ५ सय दशमलव ९४ क्युफिट काठ वनमै छ । काठ मात्रै होइन, दाउरा पनि बनमै रहेको सरकारी रेकर्ड देखाउँछ । जिल्लामा सामुदायिक वनमा ४ सय ४१ दशमलव २५ चट्टा दाउरा र डिभिजन वन कार्यालय दाङ अन्तर्गतको राष्ट्रिय वनमा २३ दशमलव पाँच चट्टा दाउरा बनमै रहेको कार्यालयले जानकारी दिएको छ । डिभिजन वन कार्यालय देउखुरीका सूचना अधिकारी छोटेलाल चौधरीले सामुदायिक वनतर्फ ४५ हजार ५५ दशमलव २० क्युफिट, मुद्दासम्बन्धी १ हजार ५ सय दशमलव ९४ क्युफिट काठ र दाउरा ३ सय ४१ दशमलव ७५ चट्टा बिक्री नभएको जानकारी गराए । काठ वनमै र हँदा सड्ने तथा काम नलाग्ने अवस्थामा पुग्ने उनको भनाइ छ। कुकाठ त एक दुई वर्षमै विग्रने अवस्थामा पुग्ने उनको भनाइ छ। 'वनको काठ लिलामीका लागि पटक-पटक सूचना निकालिएको छ। केही नबिकेर रहेको छ। केही सूचना निकाल्नै बाँकीरहेको छ । 'केहीको मुद्दा टुंगो लागेको छैन अदालतको आदेश नभएर बनमै काठ छन्।' देउखुरीमा मात्रै होइन डिभिजन वन कार्यालय दाङ अन्तर्गतका वनमा पनि काठ छन् । कार्यालयका सूचना अधिकारी टेकनप्रसाद आचार्यका अनुसार सामुदायिक वनमा ३३ हजार नौ सय ७३ क्युफिट, राष्ट्रिय वनमा आठ हजार पाँच सय ७६ दशमलव २१ क्युफिट काठ र दाउरातर्फ सामुदायिक वनमा ९९ दशमलव पाँच चट्टा र राष्ट्रिय वनमा २३ दशमलव पाँच चट्टा वनमै छ । गत वर्षको बिक्री नभएसम्म नयाँ कटान गर्न पाइँदैन । त्यसकारण यस वर्ष कटान पनि कम हुने देखिन्छ । डिभिजन वन कार्यालय दाङ अन्तर्गतका २ सय ५८ र डिभिजन वन कार्यालय देउखुरीअन्तर्गतका १ सय ४८ सामुदायिक वन छन्। देउखुरी क्षेत्रमा १२ बृक्षारोपण भएका र दाङमा ६०/७० बृक्षारोपण भएको वन एवं चार वटा धारापानी, जखेरा, अमेलिया र रिहार धार्मिक वन रहेको सामुदायिक वन महासंघ दाङका अध्यक्ष हरि भुसाल बताउछन् । उनले काठ बिक्री वितरणमा प्रदेश सरकारले लगाएको करका कारण काठ वनमै रहेको समेत जानकारी गराए । 'प्रदेश सरकारको आर्थिक ऐनको दफा १३ मा सावउसलाई आन्तरिकमा १० र बाह्य बिक्री वितरणमा २५ प्रतिशत कर लगाएका कारण उपभोक्ताले काठ बेच्न नसकेको अवस्था हो । करकै कारण सकेसम्म आन्तरिक खपत गर्ने बाह्य नबेच्ने सावको रणनीति बनेको छ।' उनका अनुसार कार्ययोजना नवीकरण नभएकोले पनि कतिपय सामुदायिक वनको काठ उठेको छैन भने १० प्रतिशत कर राज्यलाई तिर्नुपर्ने भएकोले समूहले संकलन गरेका छैनन् । सामुदायिक वन महासंघ दाङका पूर्वअध्यक्ष भीमप्रकाश खड्काले भने कार्ययोजना नवीकरणमा प्राविधिक खटाउने दायित्व राज्यको भए पनि समयमै नखटाउने, प्रक्रिया झन्झटिलो बनाउने जस्ता कारणले काठ वनमै सड्ने अवस्था भएको बताए । कार्ययोजना बनाउन खर्चिलो र झन्झटिलो, दुई सामुदायिक वन बीचको सीमा विवाद, कटान ढिला भई समयमै घाटगद्दी गर्न नसक्दा, गौरवका आयोजना सञ्चालनका लागि राष्ट्रिय वनबाट रुख कटान गर्दा समयमै नीतिगत निर्णय गर्न नसक्दा, स्थानीय सरकार वनप्रति उदासीन हुँदा पनि काठको सदुपयोग नभएको एवं वनमै सड्ने अवस्था रहेको सामुदायिक वन महासंघ बताउँछ । वन वातावरण र विपत्लाई एउटै शीर्षकमा राखेर वन क्षेत्रलाई नै स्थानीय सरकारले उपेक्षा गरेको अध्यक्ष भुसाल भनाइ छ।

# हुम्लामा यो वर्षकै पहिलो हिमपात

नमस्ते समचारदाता

हुम्ला, मंसिर/२४

हिमाली जिल्ला हुम्लामा यस वर्ष पहिलोपटक हिमपात भएको छ। आइतबार साँझदेखि मौसममा आएको फेरबदलका साथै दिउँसो हावाहुरी समेत भैरहेको कारण आइतबार र ातिदेखि हिमपात सुरु भएको हो । सोमबार बिहानसम्म सदरमुकाम सिमकोटमा तीन इञ्च हिउँ जमेको छ भने उत्तरी नाम्खा गाउँपालिकाको उच्च भेगमा रहेको लिमी लगायतका क्षेत्रमा एक फिट सम्म हिउँ जमेको लिमी स्वास्थ्यचौकीमा कार्यरत लोग बोहराले बताउनुभयो । यस वर्ष ढिला गरी जिल्लामा हिमपात सुरु भएसँगै यहाँका किसान खुसी भएका छन् । हुम्लीवासीले



हिमपातपछि मौसम ठीक हुने र खेती सप्रिने विश्वास समेत राख्दै आएका छन् । हिमपातले गहुँ, जौ र उवा खेतीलाई राम्रो हुने भन्दै जिल्लाका किसान खुसी भएका छन् । हिमपातपछि सदरमुकाम सिमकोट र आसपासका डाँडाकाँडा सेताम्मे भएका छन् भने जनजीवन प्रभावित भएको छ । उत्तरी नाम्खाका चाला, लिमी, हिल्सा, यारी लगायतका क्षेत्रको जनजीवन प्रभावित भएको छ । हिमपातसँगै चिसो बढेको छ भने हुम्लाको तापक्रम यसअघि नै माइनसमा झरिसकेको छ।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

नमस्ते कर्णाली Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके